धुनिवेशी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
जुगेडी, धादिङ
बागमती प्रदेश, नेपाल

प.सं. २०८१/०८२
च. नं. २८३५

मिति : २०८२/०१/३०
ने.सं.११४५,मंगलबार

**विषयः शिक्षक पदका लागि अनलाइन दरखास्त पेश गर्ने सम्बन्धमा ।**

उपरोक्त विषयका सम्बन्धमा यस धुनिवेशी नगरपालिकाको च. नं. २५४१ मिति २०८२।०१।२२ र च. नं. २५८० मिति २०८२।०१।२५ को शिक्षक आवश्यकतासम्बन्धी नगरपालिकाको वेबसाइट **www.dhunibeshimun.gov.np** र फेसबुक पेज **Dhunibeshi Municipality धुनिवेशी नगरपालिकामा** प्रकाशित सूचना अनुसार दरखास्त पेश गर्न अनुरोध गरिएकोमा स्वयम उपस्थित नभई अनलाइनबाट दरखास्त फाराम भर्ने मौका मिलाई दिन सुझावसमेत प्राप्त भएकाले निम्न प्रक्रियावमोजिम इमेलबाट दरखास्त फाराम पेश गर्न सकिने व्यवस्था गरिएको व्यहोरा सम्बन्धित सबेको जानकारीका लागि अनुरोध छ ।

<u>अनलाइनवाट दरखास्त फाराम पेश गर्ने प्रक्रिया</u>

१. आफूले दरखास्त फाराम भर्ने पद र तह अनुसारको दरखास्त दस्तुर **राष्ट्रिय वाणिज्य बैंक खानीखोला शाखाको धुनिवेशी नगरपालिका** आन्तरिक राजस्व खाता नं. १०८०१००३०१०१०००३ मा राजस्व शीर्षक १४२२४ मा मोबाइल बैंकिङ वा नजिकको राष्ट्रिय वाणिज्य बैंकबाट तिरेको राजस्व भौचर प्राप्त गर्ने

२. दरखास्त फाराम पेश गरेको निवेदन लेखी नामथर, ठेगाना उल्लेख गरी दस्तखत गर्ने ।

३. नेपाली नागरिकता, शैक्षिक योग्यताको प्रमाणपत्र, अध्यापन अनुमतिपत्र, दस्तुर तिरेको राजस्व भौचर र दरखास्त फाराम पेश गरेको निवेदन पत्रहरु स्क्यान गरी निम्न इमेलमा तोकिएको म्यादभित्र पठाउने । इमेल: **dhunibeshimun@gmail.com वा dhunibeshimun.edu@gmail.com ।**

४. परीक्षामा सहभागी हुँदा माथि उल्लिखित सबै कागजातहरुको सक्कलप्रति पेश गर्नु पर्नेछ ।

(कर्णबहादुर भुवाजी)
शिक्षा निर्देशक

धुनिबेशी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

जुगेडी, धादिङ

बागमती प्रदेश, नेपाल

प.सं. : २०८१/०८२

च.नं. : २५८०

मिति : २०८२/०१/२५

ने.सं.११४५ बछलाथ्व बिहीवार

## शिक्षक आवश्यकता सम्बन्धमा ।

प्रस्तुत विषयमा यस धुनिबेशी नगरपालिका अन्तरगत तपसिल बमोजिमको सामुदायिक विद्यालयमा निम्न अनुसारको रिक्त पदमा पदपूर्तिका लागि योग्यता पुगेका ईच्छुक नेपाली नागरिकबाट दरखास्त आहान गरिन्छ ।

तपसिल

| क.सं. | विज्ञापन नं. | पद/तह | विषय | संख्या | विधालयको नाम र ठेगाना | किसिम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | १२/२०८१/०८२ | नि.मा.शि. | गणित | १ | जीवनपुर कुलचन्द्र आ.वि, धुनिबेशी ४, जीवनपुर | संघीय अनुदान | |

१ आवश्यक न्यूनतम योग्यता

क) मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरी अध्यापन अनुमति पत्र प्राप्त गरेको ।

२. उमेर : १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको ।

३. दरखास्त दिने अन्तिम मिति : २०८२/०२/०८ गते कार्यालय समय सम्म । दरखास्त दिने अन्तिम मितिका दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट कार्यालय समयभित्र ।

४. दरखास्त दिने स्थान : शिक्षा, युवा तथा खेलकुद शाखा, धुनिबेशी नगरपालिका, जुगेडी, धादिङ ।

५. सम्पर्क मिति : २०८२/०२/०९ गते ।

६. परीक्षा सञ्चालन मिति : सम्पर्क मितिमा जानकारी गराइनेछ ।

७. दरखास्त दस्तुर : रु ७००।- (कार्यालयमा कागजात रुजु गरिसकेपछि नगरपालिकाको आन्तरिक राजश्व शाखामा राजश्व दाखिला गरी भौचर पेस गर्ने)।

८. परीक्षाको किसिम : लिखित, मौखिक र आवश्यकता अनुसार प्रयोगात्मक ।

९. सेवा सुविधा : नियमानुसार ।

१०.आवश्यक कागजातहरु :

क) व्यक्तिगत निवेदन पत्र

ख) नेपाली नागरिकताको प्रतिलिपि

ग) शैक्षिक योग्यताका प्रमाणपत्रको प्रतिलिपि

घ) अध्यापन अनुमति पत्र ।

कर्ण बहादुर भुवाजी

शिक्षा निर्देशक